# नेपाल कानुन व्यवसायी परिषद् (पहिलो संशोधन) ऐन, २०६८

**प्रमाणीकरण मिति**

२०६८/८/२५

**प्रस्तावना** : नेपाल कानुन व्यवसायी परिषद् ऐन, २०५० लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८३ बमोजिमको व्यवस्थापिका-संसदको हैसियतमा संविधान सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "नेपाल कानुन व्यवसायी परिषद् (पहिलो संशोधन) ऐन, २०६८" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **नेपाल कानुन व्यवसायी परिषद् ऐन, २०५० को दफा १७ मा संशोधन** : नेपाल कानुन व्यवसायी परिषद् ऐन, २०५० को दफा १७ को उपदफा (२) मा रहेका "यो ऐन प्रारम्भ भएको मितिले नौ वर्षसम्म" भन्ने शब्दहरूको सट्टा "संवत् २०७० साल चैत्र मसान्तसम्म" भन्ने शब्दहरू राखिएका छन् ।

नेपाल कानुन आयोग